# Mahalaxmi Garments Industries

(READYMADE GARMENTS MANUFACTURING & EXPORTERS)

**ADDRESS:**
Narsingh Kunj
Naxal Devi Marg
Gyaneshwor
Post box: 4206
Kathmandu, Nepal
Email: mahalaxmigarmentindustries@gmail.com

**FACTORY:**
Tahachal
Opp. Hotel Soltee
Post box: 4206
Kathmandu, Nepal

**अत्यन्त जरुरी**

च.नं. ११७/७९/८० मिति :- २०७९/०६/२७

माननीय गर्भनर ज्यू,
श्री महा प्रसाद अधिकारी ज्यू,
श्री नेपाल राष्ट्र बैंक
बालुवाटार, काठमाडौं, नेपाल ।

*बोधार्थ:* सम्माननीय प्रधानमन्त्रीज्यू ,
श्री शेर बहादुर देउवा ज्यू,
प्रधानमन्त्री तथा मन्त्री परिषद् कार्यालय,
नेपाल सरकार,
सिहंदरबार, काठमाडौं, नेपाल ।

***विषय*: राष्ट्रिय वाणिज्य बैंकमा चल्ती कर्जा कारोबारको लागि उद्योगले धितो दिएको सम्पत्तिहरु मध्ये कालिमाटी २(क), ताहाचलको सोल्टीमोड (ग्राण्ड होटल अगाडि) स्थित कि.नं. २६६,२६७ र २६८ को घर-जग्गा सम्पत्ति बैंकले पुर्नमूल्याङ्कन समेत नगरी खरीदकर्तासँग सेटिङ्गमा बोलपत्र आह्वान गरेको र बोलपत्रको रकम समेत जम्मा नलिई स्वामित्व हस्तान्तरण गरी पुन: त्यहीँ सम्पत्तिमा स्वयं रा.बा. बैंकले शत-प्रतिशत ऋण जारी गरी बोलपत्रको रकम जम्मा लिई हिसाब राफसाफ गरेको गैरकानूनी कार्यहरु गर्ने रा.बा. बैंक तथा सम्बन्धित संलग्नहरु उपर कारबाही गर्ने सम्बन्धमा ।**

**माननीय गर्भनरज्यू,**

उपरोक्त सम्बन्धमा म उद्योगीले माननीय गर्भनरज्यू समक्ष पटक-पटक विभिन्न मितिहरु साथै मिति २०७९/०५/०१ मा निवेदन पेश गरेको माननीय गर्भनरज्यूलाई जानकारी नै छ । उपरोक्त विषयमा श्री नेपाल राष्ट्र बैंकमा भेट गरी सम्पूर्ण तथ्य प्रमाण सहित जानकारी सबै गराइसकेको र श्री नेपाल राष्ट्र बैंकबाट यथाशीघ्र राष्ट्रिय वाणिज्य बैंक तथा सम्बन्धित संलग्नहरुमाथि कारबाही हुने आश्वासन श्री नेपाल राष्ट्र बैंकबाट भेट गर्दा र फोन मार्फत समेत प्राप्त भएकोमा उपरोक्त सम्बन्धमा श्री नेपाल राष्ट्र बैंकबाट के कारबाही भएको सो सम्बन्धमा जानकारी प्राप्त गराइदिनुहुन माननीय गर्भनरज्यू समक्ष निवेदन गर्दछु ।

**माननीय गर्भनरज्यू,** म उद्योगीले उपरोक्त सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष मिति २०७९/०५/०६ मा छानबिनको लागि निवेदन पेश गरेको थिए । सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशानुसार मिति २०७९/०५/०६ मा श्री अर्थ मन्त्रालयमा र श्री अर्थ मन्त्रालयबाट मिति २०७९/०५/१७ मा श्री नेपाल राष्ट्र बैंकमा आवश्यक कारबाहीको लागि पठाइएको छ ।

**माननीय गर्भनरज्यू,** सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकद्वारा सार्वजनिक रुपमा आह्वान गरिएको टेण्डरमा ठूलो अनियमितता गरेको (बैंकले सेटिङ्गमा बोलपत्रको रकम समेत जम्मा नलिई स्वामित्व हस्तान्तरण गरेको र त्यहीँ सम्पत्तिमा लगभग शत प्रतिशत स्वयं रा.बा. बैंकले ऋण जारी गरेपछि मात्र क्रमिक रुपमा टेण्डरको रकम जम्मा लिई हिसाब राफसाफ गरेको इत्यादि कार्यहरु) स्पष्ट देखिन्छ । सोही कारणले सो विषयको उद्योगीले श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिमा जानकारी गराइ उजुरी गरेको नेपाल राष्ट्र बैंकलाई अवगत नै छ ।

रा. बा. बैंकमा चल्ती कर्जा कारोबारको लागि उद्योगले धितो दिएको चार वटा सम्पत्तिहरु मध्ये उद्योगको कालिमाटी २(क), ताहाचलको सोल्टीमोड (ग्राण्ड होटल अगाडि) स्थित कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्तिको मिति २०६२/०३/१७ मा राष्ट्रिय वाणिज्य बैंकद्वारा निकालिएको उक्त लिलामी र सो सम्बन्धमा बैंकद्वारा सेटिङ्गमा भए गरिएका अनियमितता र गैरकानुनी काम कारवाहीको विषयमा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिद्वारा पटक–पटक नेपाल राष्ट्र बैंकलाई कारबाहीका लागि पत्राचार गरिएको माननीय गर्भनरज्यूलाई जानकारी नै छ ।

श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिको निर्देशानुसार नेपाल राष्ट्र बैंकले राष्ट्रिय वाणिज्य बैंकका श्रीमान् प्रमुख कार्यकारी निर्देशकलाई मिति २०६६/०२/२० (पत्र. सं. बै.वि.नि.वि./जि.एच.सि/८७/०६५/६६) मा तथा पुनः मिति २०६६/०३/०७ (पत्र. सं. बै.वि.नि.वि./जि.एच.सि/९४/०६५/६६) मा यथाशीघ्र प्रतिवेदन उपलब्ध गराउन भनी पत्रहरु पठाएकोमा राष्ट्रिय वाणिज्य बैंकबाट प्रतिवेदन प्राप्त भएकोमा नेपाल राष्ट्र बैंकबाट के कारवाही भएको जानकारी पाँउ भनी माननीय गर्भनरज्यूलाई पुनः सादर विनम्र अनुरोध गर्दछु ।

**माननीय गर्भनरज्यू,** बैंक तथा वित्तीय संस्थाबाट उद्योगविरुद्ध भए गरिएका अनियमितता र गैरकानुनी काम कारबाहीको बुदाँगत रुपमा छानबिन, जाँचबुझ गरी कारबाही गर्ने नियामक निकाय श्री नेपाल राष्ट्र बैंक रहेकोले नेपाल राष्ट्र बैंकबाट यथाशीघ्र कारवाही गरिदिनुहुन सादर विनम्र अनुरोध गर्दछु ।

**माननीय गर्भनरज्यू,** राष्ट्रिय वाणिज्य बैंकले विभिन्न बहानाहरु लिई आफूले गरेको अनियमितता र गैरकानुनी कामकारबाहीहरु ढाकछोप गर्दै जोगिन खोज्दै आएको छ । स्पष्ट रुपमा अनियमितिता भष्ट्राचार र हिनामिना भएको देखिदाँ राष्ट्रिय वाणिज्य बैंक तथा सम्बन्धित संलग्नहरुमाथि यथाशीघ्र कारवाही गरी निर्यात उद्योगलाई न्याय दिनका लागि पुनः माननीय गर्भनरज्यू समक्ष सादर विनम्र अनुरोध गर्दछु ।

<u>संलग्न कागजातहरु</u> :

१) मिति २०७९/०५/१७ मा श्री अर्थ मन्त्रालयले श्री नेपाल राष्ट्र बैंकमा आवश्यक कारबाहीको लागि पठाएको पत्र ।

२) मिति २०७९/०५/०९ मा सम्माननीय प्रधानमन्त्रीज्यूको कार्यालयबाट जारी भएको पत्र ।

३) मिति २०७९/०५/०६ मा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश निवेदनको प्रतिलिपि ।

४) नेपाल राष्ट्र बैंकले राष्ट्रिय वाणिज्य बैंकका श्रीमान् प्रमुख कार्यकारी निर्देशकलाई मिति २०६६/०३/०७ (पत्र. सं. बै.वि.नि.वि./ जि.एच.सि/९४/०६५/६६) मा यथाशीघ्र प्रतिवेदन उपलब्ध गराउन भनी पठाएको पत्र

५) मिति २०७९/०५/०१ मा माननीय गर्भनरज्यू समक्ष पेश निवेदनको प्रतिलिपि ।

६) मिति २०७९/०४/२६ मा माननीय गर्भनरज्यू समक्ष पेश निवेदनको प्रतिलिपि ।

**माननीय गर्भनरज्यूबाट सहयोगको अपेक्षा राख्दै**

**निवेदक**

For Mahaluxmi Garments Ind.

**बृज गोपाल इनानी**
**प्रोपाइटर**
**महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीज**
**पोष्ट बक्स नं. ४२०६,काठमाडौं, नेपाल ।**
**फोन नं.:– ९७७–९८४९६५०५१४**
E-Mail:- mahalaxmigarmentindustries@gmail.com
Website :- www.mginepal.com